सालिन, भद्र र समाजसेवी नेतृत्वको पहिचान ।
राष्ट्र निर्माण, सुशासन र समृद्धिका लागि तारामा मतदान ॥

तारा
चुनाव चिन्हमा
मतदान



## प्रतिनिधि सभा निर्वाचन ०८२ प्रतिबद्धता-पत्र

**आदरणीय आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु,**
जेन्जी आन्दोलनको भावना र नेपालको संबिधान २०७२ बमोजिम प्रतिनिधि सभाको निर्वाचन यही मिति २०८२ साल फागुन २१ गते हुन गईरहेको ब्यहोरा आम मुगुबासी आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु लाई अवगत नै छ । बिशेष परिस्थितिमा हुन गईरहेको यस निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार भई यहाँहरुको घर दैलोमा आईरहँदा, प्रतिनिधि सभाको निर्वाचन २०५६ र प्रदेश सभाको निर्वाचन २०७४ मा समेत यहाँहरुको अपार माया, स्नेह र भरोसाको कारण बिजय गराउनु भएको सन्दर्भ भुलेको छैन । तत्कालिन अबस्थाको बिशेष परिस्थितिमा अपेक्षाकृत बिकास कार्यहरु सम्पन्न गर्न नसकीएको तितो यथार्त महसुस भईरहेकै छ । यद्यपी जिल्ला भित्र गौरवका योजना भनेर चिनिने ताल्च बिमानस्थल, गमगढी-नाक्चेलाग्ना सडक, दोमुख-तारापानी-नाक्चेलाग्ना सडक दोमेख मोटेरेवल पुल भुङोला-रारा पर्यटकीय सडक, रारा पर्यटकीय गुरुयोजना भुङोला मोटरेवल पुल लगायत शिक्षा, स्वास्थ्य, खानेपानी र बस्ती बिकास लगायतका कामहरुमा सक्दो पहलकदमी लिईरहेको सम्बन्धमा यहाँहरु जानकार नै हुनुहुन्छ ।

**<u>आदरणीय आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु :</u>** जिल्लाको बिकास, सम्बृद्धि, आर्थिक-सामाजिक रुपान्तरण, गुणस्तरीय सेवा प्रबाह, सुशासन र सामाजिक न्यायका क्षेत्रमा तपशिल बमोजिमका प्रतिबद्धता सहित ताजा जनादेशका लागि फेरीपनी तपाईको घर-आगनमा उपस्थित भएको छु ।

▶ मुलुकको राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय अखण्डता, स्वतन्त्रता र लोकतान्त्रिक साशन ब्यबस्था सुदृढिकरणकाल लागि पूर्णतः प्रतिद्ध छु । सामाजिक न्याय र समानताका पक्षमा उभिदै भ्रष्टचार र कुशासनको बिरुद्धका जनआवाजहरु सरकार र सदनबाट बुलन्द गरिनेछ ।

▶- गमगढी-नाक्चेलाग्ना सडक, भुङगोला-रारा पर्यटकीय मार्ग, दोमुख-तारापानी-नाक्चेलाग्ना सडक जस्ता निर्माणाधिन र निर्माण सम्पन्न सडकहरुको स्तारोन्नती गरिनेछ । ग्रामिण बिद्युतिकरण, ताल्च बिमान स्थाल, सडक-पुल, आधुनिक रङगशाला, कवर्ड हल जस्ता ठुला पूर्वाधारहरुको नव-निर्माण तथा स्तरउन्नती कार्यलाई तिब्रता दिईनेछ । "एक घर एक धारा" अभियान मार्फत स्वच्छ तथा गुणस्तरीय खानेपानी उपलब्ध गराईनेछ ।

▶ रारा, छायाँनाथ, खेस्ममालिका, तातोपानी लगायत जिल्ला भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुको पर्यटकीय गुरुयोजना निर्माण तथा कार्यान्वयन, कृषि-वन, वातावरण तथा पर्यटकीय उद्योगका षेत्रमा युवा जनशक्तिलाई आकर्षित गरी स्थानीय स्तरमै स्वरोजगारीको सिर्जना गरिनेछ ।

▶ जिल्ला भित्रका प्रत्येक स्थानीय तहहरुमा औद्योगिक ग्रामहरु स्थापना गरिनेछन । युवाहरुको रुची क्षमता र उद्यमशिलताका आधारमा युवा-स्वरोजगारका कामहरु सञ्चालन गरिनेछन । CTEVT को पूर्ण स्वामित्वमा रहनेगरी जिल्ला भित्र एक बहुप्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

▶ जिल्ला भित्रका चार वटै स्थानीय तहहरुमा एक-एकवटा जडिबुटी उत्पादन, प्रशोधन तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछन ।

▶ विश्व,बजारमा प्रतिस्पर्दा गर्न सक्ने गुणस्तरीय जनशक्ति उथ्पादन गर्नका लागि आवश्यक शैक्षिक पूर्वाधार विकासमा सम्बन्धित निकायको ध्यान आकृष्ट गरिनेछ । जिल्ला भित्र रहेका क्याम्पसहरुलाई पूर्णतः आंगिक र सुबिधा सम्पन्न क्याम्पस सञ्चालनमा ल्याउन यथेष्ट पहल गरिनेछ ।

▶ जिल्ला अस्पताल र पालिकामा निर्माणाधिन आधारधूत अस्पतालहरुबाट बिशषज्ञ सेवा सञ्चालनका लागि आवश्यक पहलकदमी लिईनेछ । हरेक नागरिकको अनिवार्य स्वास्थ्य बिमाका लागि जिम्मेवार कियलाई थप जिम्मेवारी र उत्तरदायी बनाईनेछ ।

▶ ब्यबसायिक कृषि तथा पशुपालनका लागि पर्याप्त कृषि अनुदानको ब्यबस्था गरिनुका साथै उत्पादित कृषिजन्य बस्तुहरुको सुरक्षित भण्डारणका लागि जिलला भित्र ठुलो क्षमताको शितघर निर्माण कार्य सम्पन्न गरिनेछ ।

▶ जिल्ला भित्रका विषयगत तथा बहुउघेश्यीय सहकारी संस्थाहरुको विकास, सुदृढिकरण तथा क्षमता विकासका लागि पहलकदमी लिईनेछ ।

▶ जिल्ला भित्र रहेका प्रकोप पिडित तथा बसोबासका हिसावले असुरक्षित बस्तिहरुलाई क्रमशः सुरक्षित हुनेगरी स्थान्तरण गर्दै लगिनेछ ।

▶ राज्यका हरेक निकायहरुमा महिला, दलित तथा पछि पारिएका वर्ग समुदायको अर्थपूण सहभागिता र समानुपातिक प्रतिनिधित्व सुनिश्चितको आवश्यक निति तर्जुमा र कार्यान्वयन क्षेत्रमा सरकार र सदन दुवैमा प्रभावकारी भुमिका प्रदर्शन गरिनेछ ।

▶ लुम्बिनी प्रदेशमा रहेका बाँके र बर्दिया जिल्लालाई कर्णाली प्रदेशमा जोड्दै त्री-देशीय सडक सञ्जाल बिस्तारमा आवश्यक पहलकदमी लिईनेछ ।

**<u>आदरणीय आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु :</u>** आजका दिन सम्म मैले लिदै आएको उच्च सेवा भावको मेरो आदर्शबाट कत्तिपनी बिचलित रहनेछैन । जेन्जी पुस्ताको माग र चाहना, भ्रष्टचारको अन्त्य र सुशासन, विकास र समृद्धि प्रतिको राष्ट्रिय आकांक्षालाई सम्बोधन हुनेगरी उपयुक्त नितीको तर्जुमा र प्रभावकारी कार्यान्वयनको एतिहासिक कार्यभार पुरा गर्न तपाई हाम्रो प्यारो पार्टी नेपाली कम्युनिष्ट पार्टीको चुनाव चिन्ह तारामा छाप लगाई अमुल्य मतका साथ बिजय गराईदिनुहुन आदरणीय जिल्लाबासी आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरुमा हार्दिक अनुरोध गर्दछु ।

**चन्द्र बहादुर शाही**
**उम्मेदवार, नेकपा (मुगु)**

९८६१४६११३०, ९८५११९११५८, ९८५१३५३९४५, ९८५८०३१६६०, ९८५८०७००४१